# मुक्तिनाथ विकास बैंकको उत्कृष्ट छात्रवृतिका लागि आवेदनबारे सूचना

मुक्तिनाथ विकास बैंकले विगत केही वर्षदेखि **मुक्तिनाथ उत्कृष्ट छात्रवृति** अन्तरगत कक्षा ११ र १२ अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्दै आइरहेको छ । बैंकले यस बर्ष काठमाण्डौ उपत्यका र महानगर पालिका बाहेक अन्य स्थानहरुमा संचालनमा रहेका बैंकका प्रत्येक शाखाहरुबाट उक्त शाखा रहेका स्थानिय तहमा (उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकाहरु मात्र) स्थायी बसोबास गर्ने न्युन आय भएका, विपन्न तथा कृषक परिवारका विधार्थीहरु मध्येबाट एस.ई.ई. परिक्षा उत्तीर्ण गरी माध्यमिक तह (कक्षा ११) अध्ययन गर्न १/१ जना लाई **मुक्तिनाथ उत्कृष्ट छात्रवृति** प्रदान गर्ने कार्यक्रम भएकोले ईच्छुक विद्यार्थीहरुले आफनो सम्बन्धित स्थानिय तहमा संचालित यस बैंकको शाखा कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृतिमा शैक्षिक संस्थामा लाग्ने शुल्कहरु तथा शैक्षिक सामाग्रीहरुका खर्च लाई समावेश गरि प्रति विधार्थी प्रति रु १५,००० सम्मको छात्रवृति रकम प्रदान गरिने छ ।

**छात्रवृति सम्बन्धी जानकारी**

१. आवेदक शाखा रहेको स्थानको स्थायी बासिन्दा हुनुपर्नेछ ।
२. आवेदक न्युन आय, विपन्न तथा कृषक परिवारबाट हुनुपर्नेछ ।
३. आवेदक आफ्नो स्थाई ठेगाना भएको जिल्ला भित्र रहेका कुनै उच्च माध्यमिक शैक्षिक संस्थामा अध्ययन गर्नुपर्नेछ तर जुन सुकै विषय / संकाय अध्ययन गर्न सक्नेछ ।
५. आवेदकले अध्ययन गर्ने शैक्षिक संस्थाले निज आवेदक भर्ना भएको वा अध्ययन गरिरहेको शिफारिस पेश गर्नुपर्ने छ ।
६. आवेदक पूर्णकालीन छात्र/छात्राको रुपमा रहनुपर्नेछ ।
७. तोकिएको संख्या भन्दा बढि आवेदकहरु भएमा आवेदकहरु मध्येबाट सबैभन्दा गरिब, विपन्न तथा कृषक परिवारका उम्मेदवारको छनौट बैंकको शाखा प्रबन्धकले स्थानिय तहको समन्वयमा गर्नेछ । बैंकले आवेदक वा निजका परिवारका सदस्यहरुको अन्तर्वार्ता समेत लिन सक्नेछ ।
८. छात्रवृति शैक्षिक संस्थामा भर्ना भएको मितिदेखि लागू हुनेछ ।
९. निवेदकले हाल अन्य कुनै पनि छात्रवृत्ति नपाएको हुनुपर्नेछ ।
१०. आवेदन फारम बैंकको शाखा कार्यालयबाट निःशुल्क उपलब्ध हुनेछ ।
११. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः
   - एक प्रति पासपोर्ट साइजको फोटो ।
   - एसं ई. ई. को मार्कशिट र चरीत्रिक प्रमाणपत्र ।
   - बाबु वा आमाको नागरिकताको प्रतिलिपि
१२. आवेदन फारम भर्ने अन्तिम मिति : पौष २६, २०८१ कार्यालय समयभित्र ।
१३. शाखाहरुको जानकारीका लागि www.muktinathbank.com.np मा उपलब्ध छ ।
१४. अन्य जानकारीका लागि बैंकको केन्द्रीय कार्यालय तथा सम्बन्धित शाखाहरुमा सम्पर्क राख्न सक्नुहुनेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**